**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# नाटककार सरुभक्त र उनको इथरमा कोरिएको प्रेमपत्र नाटकको विश्लेषण

**सह प्रा.कुश्मिला आचार्य, पि.एचडी.**
नेपाली शिक्षा, त्रि.वि., कीर्तिपुर

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Kushmila Acharya, acharyakushmila@gmail.com
Orcid: https://orcid.org/0009-0005-1699-1317

Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).

DOI:10.3126/bmcrj.v4i1.80118

## लेखसार

प्रस्तुत लेख 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विश्लेषणमा केन्द्रित रहेको छ । यो लेखमा गुणात्मक ढाँचाको उपयोग गरिएको छ । विषयवस्तुलाई विश्लेषणात्मक र समीक्षात्मक विधिको उपयोग गरी निष्कर्षमा पुगिएको छ । सरुभक्त प्रयोगवादी नेपाली नाटककार हुन् । उनी विज्ञान नाटककारका रूपमा परिचित छन् । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् तापनि मूलभूत पहिचानको क्षेत्र भने नाटक विधा नै हो । यस आलेखमा उनले लेखेका थुप्रै नाटकमध्ये 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विश्लेषण गरिएको छ । यो विज्ञान विषयमा आधारित भएर लेखिएको एक पूर्णाङ्की नाटक हो । विषयवस्तु चयन, पात्र चयन, संवाद प्रक्रियाको आयोजना एवम् दृश्ययोजनाका दृष्टिले यसलाई विज्ञान नाटकको कोटिमा राखेर विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नाट्यतत्त्वलाई आधार मानिएको छ । इथर नाट्यसङ्ग्रह भित्र सङ्गृहीत 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको मुख्य उद्देश्य र सन्देश प्रतीकात्मक रहेको छ । काल्पनिक परिवेशको सृजना गरेर लेखिएको यस नाटकमा काल्पनिक वा प्रतीकात्मक रूपमा ब्रह्माण्डमा लेखिएको प्रेमपत्र भन्ने सन्देश दिई प्रेमलाई पवित्र र विज्ञानले आविष्कार गरेका यन्त्रले मानवको रक्षा गर्नुपर्छ

भन्ने आशय प्रकट गरिएको छ । यस लेखले 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विश्लेषणसँग सम्बन्धित अध्ययन गर्न चाहने विद्यार्थी, लेखक, जिज्ञासु, अनुसन्धातालाई सन्दर्भ सामग्रीको रूपमा काम लाग्ने विश्वास लिइएको छ ।

**मुख्य शब्दावली :** इथर, ब्रह्माण्ड, अन्वेषण, स्वैरकाल्पनिक निमाहरू ।

## अध्ययनको पृष्ठभूमि

सरुभक्त श्रेष्ठको वास्तविक नाम भक्तबहादुर श्रेष्ठ हो । उनको जन्म वि.सं. २०१३ सालमा बगर, पोखरामा भएको हो (पौड्याल, २०५७, पृ. १३१) । श्रव्य र दृश्य दुवै फाँटमा कलम चलाउने यी स्रष्टाले पूर्णाङ्कीका साथै एकाङ्कीका क्षेत्रमा पनि विशिष्टताको परिचय दिएका छन् (उपाध्याय, २०७१, पृ. २५४) । उनले एम.ए. सम्मको अध्ययन गरेका छन् । नाटक, कविता, उपन्यास र कथा विधामा विशेष रूपमा कलम चलाएका सरुभक्त बहुमुखी व्यक्तित्वका रूपमा देखापरेका छन् । उनका युद्ध उही ग्याँस च्याम्बरभित्र (२०३७), गाउँघरका नाटकहरू (२०५०), बालबालिकाहरूको नाटक (२०५३), असमय अमौसम ( २०५४), निमावीय (२०५५), यसोधम्मो सनंतनो (२०५४), जस्तो दन्त्यकथा (२०५७), सिरुमा रानी (२०६१), गाउँको कथा यस्तो हुन्छ है (२०६१) र शरणार्थीहरू (२०६३) गरी तेह्रवटा नाटक र नाटक सङ्ग्रहहरू प्रकाशित भएका छन् । मदन पुरस्कार प्राप्त पागलबस्ती (२०४८) लगायत आधा दर्जन उपन्यास, ४ वटा कथासङ्ग्रह र एक दर्जनभन्दा बढी मुक्तक, गीत, खण्डकाव्य र कवितासङ्ग्रहका कृति प्रकाशित गरेका सरुभक्तले साढे दुई दर्जनभन्दा बढी पुरस्कार, पदक र सम्मान प्राप्त गरेका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञसमेत बनिसकेका सरुभक्तले थुप्रै कृतिको सम्पादन गरेका छन् । उनी अहिले पनि थुप्रै सङ्घसंस्थामा संलग्न भएर साहित्य सेवामा लागिरहेका छन् ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको विश्लेषण गर्नु रहेको छ । यो विज्ञान विषयमा आधारित भएर लेखिएको एक पूर्णाङ्की नाटक भएकाले यसको विषयवस्तु चयन, पात्र चयन, संवाद प्रक्रियाको आयोजना एवम् दृश्ययोजनाका दृष्टिले यसलाई विज्ञान नाटकको कोटिमा राखेर विश्लेषण गर्नु अर्को महत्त्वपूर्ण उद्देश्य राखिएको छ । यसरी नाट्यतत्त्वलाई आधार मानेर विश्लेषणात्मक अध्ययन गर्नु यस नाटकको उल्लेख्य पक्ष रहेको छ ।


## अध्ययन विधि


प्रस्तुत अनुसन्धेय विषयमा गुणात्मक ढाँचाको उपयोग गरिएको छ । विषयवस्तुलाई विश्लेषणात्मक र समीक्षात्मक विधिको उपयोग गरी निष्कर्षमा पुगिएको छ । सामग्री सङ्कलनको प्राथमिक र द्वितीयक स्रोतमध्ये द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखको प्राथमिक स्रोत सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटक हो भने सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका यस लेखका द्वितीयक सामग्री हुन् । यसमा पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक रूपमा विश्लेषण गरेर निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक र अवधारणात्मक ढाँचा

प्रस्तुत लेखको सैद्धान्तिक अवधारणा नाटकको तत्त्व रहेको छ । नाटकका संरचक घटकलाई नाटकको तत्त्वका रूपमा यस लेखमा विश्लेषण गरिएको छ । वर्तमान समयमा नाटकका निम्न तत्त्वहरू पाइन्छन्- कथावस्तु, पात्र, संवाद, देशकाल वातावरण, भाषाशेली र उद्देश्य । अभिनेयता नाटकको अनिवार्य शर्त हो (पौड्याल, २०५७, पृ. ६) । नाटकले जीवन जगत्को सम्पूर्ण पक्षलाई समेट्छ । प्रस्तुत विश्लेष्य नाटक प्रयोगवादी नाटक हो । नयाँ नाट्यमान्यतामा संरचित नाटक प्रयोगवादी नाटक हो । प्रथम विश्वयुद्धपछि प्रायः पश्चिमेली साहित्यकारहरू अयथार्थवादी साहित्य आन्दोलनमा सक्रिय रहे । यही अयथार्थवादी साहित्य आन्दोलनमा प्रयोगवादी नाट्यचेतनाको उदय र विकास भयो ( पोखरेल, २०८१, पृ. ५३) । यसरी यस लेखमा प्रयोगवादी नाट्यचेतनाको कसीमा नाटकलाई समीक्षा गरिएको छ ।

नाटक बन्नलाई शीर्षक, कथानक, पात्र, द्वन्द्वविधान, दृश्ययोजना, संवाद, वैचारिकता, भाषाशैलीको आवश्यक पर्दछ । यिनै नाटकका तत्त्वलाई सैद्धान्तिक आधार बनाएर प्रस्तुत लेखमा 'इथरमा कोरिएको प्रेमपत्र' नाटकलाई विश्लेषण गरेर निष्कर्षमा पुग्ने कार्य गरिएको छ । यस लेखको अवधारणात्मक ढाँचालाई तल उल्लेख गरिएको छ :






उल्लिखित अवधारणात्मक ढाँचाका आधारमा नाटकका तत्त्वहरू शीर्षक, कथानक, पात्रविधान, द्वन्द्वविधान, दृश्ययोजना, संवादयोजना, वैचारिकता, भाषाशैलीका आधारमा नाटकलाई विश्लेषण र समीक्षा गरी यस अनुसन्धानमा गहन अध्ययन गरेर निष्कर्ष निकालिएको छ ।

## परिणाम तथा छलफल

### सरुभक्तका प्रमुख नाट्यप्रवृत्ति

वि.सं. २०३० सालमा असिना पग्लिन्छ शीर्षकको एकाङ्कीको रचना गरी नाट्यविधामा प्रवेश गरेका नाटककार सरुभक्तको प्रथम प्रकाशित नाट्यकृति सराप परेको

घर (२०३५) हो । वि.सं. २०३५ सालबाट औपचारिक नाट्ययात्राको थालनी गरेका नाटककार सरुभक्तले एकाङ्की र पूर्णाङ्की गरी एक दर्जनभन्दा बढी नाट्यसङ्ग्रह प्रकाशन गरिसकेका छन् । उनका थुप्रै नाटक/एकाङ्कीहरू रङ्गमञ्चमा मञ्चनसमेत भइसकेका छन् । बहुमुखी प्रतिभाका धनी सरुभक्तले नेपाली साहित्यका कथा, उपन्यास, कविता आदि थुप्रै विधामा कलम चलाएका भए पनि र विविध विधाका कृतिका माध्यमबाट थुप्रै पुरस्कारहरू प्राप्त गर्न सफल भए पनि उनको सबैभन्दा उन्नत विधा नाटक हो । त्यसैले उनी प्रथमतः नाटककार हुन् । त्यसपछि मात्र कवि, उपन्यासकार र कथाकार हुन् ।

सरुभक्तका एकाङ्कीमा संसारका जीवन र जगत्का विविध रूप र रङ देखिन्छन् ( उपाध्याय, २०७१, पृ. ३०१) । ग्रामीण-समस्यामूलक विषयवस्तुलाई लिएर नाट्यरचना गर्न थालेका सरुभक्तले इथर (२०४४) नाटकको रचनासँगै वैज्ञानिक/प्रयोगधर्मी नाट्यधारालाई आत्मसात् गरेका हुन् । विषयगत दृष्टिले उनले सामाजिक, मनोवैज्ञानिक, ऐतिहासिक, धार्मिक, राजनैतिक, दन्त्यकथा र विज्ञान विषयक नाटकहरूको रचना गरेका छन् । यसरी हेर्दा उनका नाटकमा विषयगत विविधता पाइन्छ । युद्ध उही ग्याँस च्याम्बरभित्र (२०३९) सामाजिक समस्यामूलक, यामभरिको चिसो सपना (२०४२), विस्फोटको तेस्रो पाइला ( २०४४), इदमित्थम् (२०५२), मनोवैज्ञानिक, इथरमा कोरिएको प्रेमपत्र (२०४४) र निमावीय (२०५५) विज्ञान नाटक, एस धम्मो सनंतनों (२०४६) धार्मिक नाटक, मलामी (२०५१), असमय अमौसम (२०५४) सामाजिक नाटक र सिरुमा रानी (२०६१) लोक शैलीमा लेखिएका उनका ग्रामीण समस्यामूलक नाटक हुन् ।

प्रवृत्तिगत दृष्टिले सरुभक्त एक सफल प्रयोगवादी नाटककार हुन् । सरुभक्तले प्रयोगधर्मी र परम्पराधर्मी दुवै थरी नाटक र एकाङ्की लेखेका छन् । तर उनको प्रतिभाको चमत्कार प्रयोगधर्मी नाट्यकारितामा नै देखिन्छ (उपाध्याय, २०७१, पृ. ३०२) । उनका एकाङ्की तथा पूर्णाङ्की नाटकका विषय, पात्र, रङ्गमञ्च-योजना आदिमा प्रयोगधर्मिता पाइन्छ । यसका अतिरिक्त विज्ञान नाटकको कल्पना र प्रयोग गर्ने उनी प्रथम नेपाली नाटककार हुन् । उनको इथर र निमावीय विज्ञानलाई विषयवस्तु बनाएर रचना गरिएका विज्ञान नाटक हुन् । यी नाटकमा वैज्ञानिक प्रगति, उपलब्धि र विज्ञानले मानव जीवनमा पुऱ्याएको सन्त्रासलाई चित्रण गरिएको छ । त्यसैले नाट्यविधामा नयाँ विषय प्रवेश गराउनु उनको विशिष्टता हो । विज्ञान नाटकभित्र स्वैरकल्पनाको प्रयोगले उनी विशिष्ट प्रयोगशील नाटककारका रूपमा देखापरेका छन् । एक अध्ययनशील र चिन्तनशील नाटककार भएकाले

उनको चिन्तनशील व्यक्तित्वको सक्रियता पीडा आमन्त्रण र यामभरिको चिसो सपना नाटकका माध्यमबाट शून्यवादी चिन्तकका तहसम्म पुगेको छ ।

सरुभक्तका नाटकमा प्रेमले प्रशस्त स्थान पाएको छ । उनले आफ्ना नाटकमा प्रेमका विविध पाटाहरू प्रस्तुत गरेका छन् । उनका नाटकमा आत्मिक प्रेम, वात्सल्य प्रेम, राष्ट्रप्रेम र मानवीय प्रेमलाई प्रस्तुत गरिएको छ । दैहिक सुन्दरतामा प्रेम सीमित हुन नसक्ने मान्यता राख्ने सरुभक्तले वासनाबाट प्रेमलाई मुक्त गरी यसलाई एउटा गरिमामय वस्तुका स्थानमा पुऱ्याएका छन् । युद्ध : उही ग्याँस च्याम्बरभित्र र त्यो पत्थर मूर्ति बन्दैन नाटक यसका उदाहरण हुन् । गोलार्द्धको कालो आकाशमा रङ्गमञ्चको चित्रात्मक प्रस्तुतिको प्रयोग गरिएको छ । नेपाली नाटक परम्परामा विज्ञानलाई विभिन्न रूपमा प्रयोग गर्ने सरुभक्त पहिलो नेपाली नाटककार हुन् (पौड्याल, २०५७, पृ. १३१) ।

सरुभक्त बाल नाटककार पनि हुन् । उनले केही बाल नाटकको रचना गरेका छन् । उनले थुप्रै नाटकमा बालबालिकाप्रति अगाध स्नेहको भाव व्यक्त गरेका छन् । उनले इतिहासभित्रको इतिहास एकाङ्कीलाई आजन्म छोरीप्रति समर्पित गरेका छन् । बालबालिकाहरूका नाटकभित्रका नाटकहरूमा विषय, पात्र र तिनको भाषाको प्रयोगका माध्यमबाट बालबालिकाहरूलाई प्रधानता दिएका छन् । अन्य नाटकहरूमा पनि बालपात्रको प्रयोग गरेकामा उनी बालकलाई माया गर्ने नाटककारका रूपमा छन् ।

नाटककार सरुभक्त मानवतावादका उपासक हुन् । उनी मानव समानतामा विश्वास गर्दछन् । विश्वबन्धुत्वको भावना राख्ने व्यक्ति भएकाले इथर, एस धम्मो सनंतनों र आदि प्रवर्तक नाटकको रचना गरी आफ्नो मानवतावादी र विश्वबन्धुत्वको भावलाई प्रस्तुत गरेका छन् । उनले आफ्ना रचनाहरूमा जीवन भोगाइका क्रममा अनुभूत सत्य, पीडा, युगबोध, विकृति, आधुनिक जटिलता र कुसंस्कारलाई समस्याका रूपमा प्रस्तुत गरेका छन् ।

सरुभक्तले विषयवस्तुका दृष्टिले सामाजिक, विज्ञान, मनोविज्ञान र धार्मिक नाटक लेखेका छन् (आचार्य, २०७४, पृ. २१७) । सरुभक्तका नाटकमा प्रयोग भएका पात्रहरू समूहबोधक, विशिष्ट, सकारात्मक नकारात्मक, असल-खराब, मञ्चीय आदि विविध प्रकारका छन् । उनी छोटा वाक्य र सरल संवादको प्रयोग गर्दछन् । सर्वश्राव्य आकाशवाणी, सूत्रधार कथन, नेपथ्य र एकलापीय संवादको प्रयोग उनका नाटकमा पाइन्छ । उनले कतै ठेट नेपाली शब्द, कतै अङ्ग्रेजी शब्द र संस्कृत तत्सम शब्दहरूको प्रचुर प्रयोग गरेका छन् ।

उनका नाटकमा रसगत विविधता पाइए पनि त्रासदको प्रयोगमा उनी बढी सफल देखिन्छन् ।

## सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकको विश्लेषण

इथरमा कोरिएको प्रेमपत्र सरुभक्तको इथर नाटकसङ्ग्रहभित्र सङ्कलित पूर्णाङ्की नाटक हो । यो सङ्ग्रहको प्रकाशन वि.सं. २०४४ सालमा भएको हो । यो सरुभक्तको र सिङ्गो नेपाली नाट्यसाहित्यको प्रथम विज्ञान नाटक हो ।

## कथानक

इथर नाटकको कथानक रङ्गमञ्च विधान र पात्र विवरणको स्पष्टीकरणसहित आरम्भ भएको छ (पौड्याल, २०५७, पृ. १३१) । इथरमा कोरिएको प्रेमपत्र नाटक नाटककार सरुभक्तले विज्ञानलाई विषयवस्तु बनाएर रचना गरिएको पूर्णाङ्की नाटक हो । यस नाटकमा डाक्टर, एक्स, उनकी पत्नी एक्स-१, छोरी एक्स-० सहित मानवनिर्मित मानवहरू (रोबोट ०१, ०२, ०३, +०० को अत्याधुनिक वैज्ञानिक परिवार छ । डाक्टर एक्सकी पत्नी एक्स-१ को आफ्नी छोरी एक्स-० लाई न्युक्लियर फिजिक्सको विशेष वैज्ञानिक तथा अन्तरिक्ष वैज्ञानिक बनाउने चाहना छ । ऊ आफ्नी छोरीलाई सुदूर अन्तरिक्ष भेदन गरी निहारिका, ग्यालेक्सी र सम्पूर्ण ब्रह्माण्डको छेउसम्म स्वतन्त्र रूपले वैज्ञानिक यात्रा गर्न सक्षम बनाउन चाहन्छे । अझ उसको चाहना छ- छोरीले पृथ्वीसहित पूर्ण ब्रह्माण्डका अणु-परमाणु र त्यसभन्दा पनि सूक्ष्मतम शक्तिमाथि विजय प्राप्त गरोस् । तर ऊ आफ्नो श्रीमान् डाक्टर एक्सको नीतिपरक भावुकताले यो सपना पूरा हुने देख्दिन । डाक्टर एक्स विश्वमा दिनप्रतिदिन विकसित हुँदै गएको अन्तरिक्ष भौतिकविद्हरूको आविष्कार, आणविक महायुद्ध, अन्तरिक्ष सैनीकरण र होडबाजीको विरोधमा छ । ऊ एक मानवतावादी वैज्ञानिक हो । विज्ञानले मानव जीवनमाथि निम्त्याएको अस्तित्वको खतरालाई ऊ समाप्त पार्न चाहन्छ । उसका यी चाहना र मान्यता उसले फोनमार्फत आफ्नो मित्र ग्यालेक्सी-डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमका महानिर्देशक डाक्टर एम.लाई बताउँछ । डाक्टर एक्स. जस्तोसुकै कठोर साधना र जुनसुकै मूल्य चुकाउन परे पनि मानव जातिको अस्तित्व सुरक्षित राख्न चाहन्छ । ऊ एक जीववैज्ञानिक भएकाले उसको उद्देश्य छ- पृथ्वीमा मानव जातिको अस्तित्व मेटिनु हुँदैन ।

ग्यालेक्सी-डब्लु. एक्स. वाई. अभियान संस्थाबाट अन्तरिक्षयान प्रक्षेपण गरी वायुमण्डल भेदन गरी ग्रह वा तारामा पठाइएको छ । गोप्य रूपमा पठाइएको यो अन्तरिक्ष यानको प्रक्षेपण कार्यलाई उनीहरूले विश्वका शान्तिकामी सङ्गठनहरूले अन्तरिक्षको सैन्यीकरण, कुसाम्राज्य र पारमाणविक युद्धको सन्त्रासबाट मुक्त हुन पृथ्वीबाट अन्य ग्रह, उपग्रह वा ताराहरूमा बसोबास गर्ने 'अन्तरिक्ष-पलायनवादी प्रवृत्ति' भनी आशङ्का गरिएको छ । डाक्टर एक्स आणविक आविष्कारलाई पूर्ण रूपमा चुनौती दिन चाहन्छ । ऊ पृथ्वीमा महान् र प्रतिभाशाली व्यक्तिको भन्दा आदर्श र चरित्रवान् व्यक्तिको आवश्यकता महसुस गर्दछ । ऊ प्रत्येक ज्ञान र विज्ञान जीवनवादी सत्यसम्म पुग्ने मानव हुनुपर्दछ भन्ने ठान्दछ ।

डाक्टर एक्सको चुनौतीलाई अन्तरिक्ष वैज्ञानिकले पनि दुई कारणले उपेक्षा गर्न सकेनन् । पहिलो त्यो चुनौती वा धम्की अति विख्यात, विश्वस्तरीय वैज्ञानिकले प्रेषित गरेको थियो र दोस्रो सम्पूर्ण मानवीय विज्ञानको गर्विलो इतिहासमा एक गम्भीरतम वैज्ञानिकले विश्वभरका न्युक्लीय विज्ञानीहरू र अन्तरिक्ष भौतिकविद्हरूलाई आह्वान गरिएको पहिलो चुनौती थियो । अन्तरिक्ष वैज्ञानिकलाई चुनौती दिँदै डाक्टर एक्सले ६ अगस्ट १९४५ मा हिरोसिमाको ५८० मिटरमाथि आकाशमा विस्फोट गरिएको १२,००० टनको बम र पचास हजार डिग्री सेन्टिग्रेड उष्ण तापयुक्त चार टनको, तीन मिटर लामो र ७१ सेन्टिमिटर चौडा लिटिल ब्वाय नामको नागासाकीमा खसालिएको बमको स्मरण गर्दै अब कुनै युद्ध र कुनै कम्प्युटरले भूल गऱ्यो भने मानव जातिको अस्तित्वलाई बचाउन सकिन्न भन्ने ठान्छ । कुनै विश्व शान्तिका नाममा गरिने अपिलले पनि मानव संहार रोक्न सक्दैन । उनी ठान्छन्- विश्व शान्तिका नाममा गरिने अपिलका स्वरहरू हत्यारा राजनीतिको विस्फोटन क्षमताभन्दा शक्तिशाली हुनुपर्दछ । विश्वशान्तिको अपिल दयाको भीख हुनुहुँदैन । लाखौँ हिरोसिमाबासीहरूका बिच प्रार्थना गर्दा डाक्टर एक्सले यही कुरा सोच्छ र उसले आफ्नो नयाँ वैज्ञानिक अन्वेषणको बाटो अपनाउँछ ।

वैज्ञानिक अन्वेषण पूर्व उसले निम्न पाँच मान्यताहरू प्रतिपादन गर्दछ :

(क) विश्वभरका शस्त्रीकरणमा संलग्न परमाणु वैज्ञानिकहरू मानव अस्तित्वका दुस्मन हुन् ।

(ख) मान्छे जातिलाई पृथ्वीमा नै जीवित रहने प्राकृत अधिकार छ र जीवनदायी पृथ्वीलाई धरतीमाताका रूपमा आदर गरी यसप्रतिको कर्तव्य पूर्ण इमानदारीपूर्वक पूरा गरिनुपर्छ ।

(ग) पृथ्वीबाट अन्य ग्रह, नक्षत्रतिर पलायन गरी अन्तरिक्षमा बस्ती बसाल्ने आयोजनाले मानवीय अस्तित्वको सङ्कट उन्मूलन हुँदैन । त्यसैले यस्ता अन्तरिक्ष अभियानहरूलाई मानवताविरोधी स्वीकार गरिनुपर्दछ ।

(घ) पृथ्वीका प्रत्येक समस्या र प्रत्येक सङ्कटको समाधान पृथ्वीमा नै खोजिनुपर्छ । यो नै मानव धर्म हो ।

(ङ) आणविक, पारमाणविक विध्वंशात्मक उपासना भयानक मानवीय रोग हो । यसलाई पूर्ण अस्तित्वविरोधी सङ्क्रामक महामारीको दर्जा प्रदान गरी उपचार विधि खोजिनु पर्दछ ।

यी पाँच पूर्व मान्यता स्थापना गरी डाक्टर एक्सले नाभिकीय महामारी विरुद्धको खोजयात्रा प्रारम्भ गर्दछ । उसको लक्ष्य छ- परमाणुको संरचनात्मक विखण्डनद्वारा उत्पन्न विस्फोटक ऊर्जा, आघात तरङ्ग, अति उच्च ताप एवम् न्युक्लीय विकिरणका जैविक प्रतिरोधक क्षमताको खोजी । उसले आफ्नो खोजलाई न्युक्लियर ब्याक्टेरियोलजी (Nuclear Bacteriology) नाम दिएको छ । ऊ आफ्नो खोजले सामान्य शरीरको उच्चतम प्रतिरोध क्षमताभन्दा लाखौं गुणा शक्तिशाली प्रतिरोध क्षमता जागृत गर्ने विशिष्ट रासायनिक द्रव्य आविष्कार गर्न सफल भएको छ । उसले यसलाई आर्तविशिष्ट गतिरोधात्मक द्रव्य-२ भन्ने नाम दिएको छ । 'एन्टी न्युक्लियर इन्जेक्सन' लगाएको आधा सेकेन्डपछि 'दोस्रो ग्रन्थि' सक्रिय हुन्छ भन्ने उसको मान्यता छ । यी प्रयोगहरूको व्याख्यासँगै उसले आफ्नी छोरी एक्स-० मा प्रयोग गरेर देखाइरहेको छ । छोरीका शरीरमा क्रमशः ताप बढाउँदै पाँच करोड डिग्री सेन्टिग्रेडभन्दा बढी तापीय ऊर्जा र एक करोडभन्दा बढी न्युक्लीय विकिरणको शून्य प्रभाव परिरहेको देखाउँछ । ऊ इन्जेक्सनलाई क्याप्सुलमा पनि परिणत गर्न सकिने कुरा बताउँछ ।

'द्रव्य-२' इन्जेक्सनको क्षमता अवधि दश दिनको मात्र हुनु, कतिपय मृत्युकिरणका विरुद्ध यो अप्रभावित हुनु, केन्द्रीय आघातलाई रोकथाम गर्न नसक्नु, अत्यन्त महङ्गो हुनु र राजनीतिक समस्या आइपर्ने सम्भावना हुनु यसका समस्याहरू हुन् भन्दै ऊ यी समस्याको

समाधानतर्फ पनि निरन्तर लागिरहेको कुरा बताउँछ । यस कुरामा ऊ सफल हुन सके मानवको कृत्रिम जीवन निर्माण हुने पृथ्वी जीवनका लागि, जीवन पृथ्वीका लागि भन्ने आफ्नो आदर्श नारा पूरा हुने आशा राख्छ । नाटक यही समाप्त हुन्छ ।

प्रस्तुत नाटक प्रयोगधर्मी भएकाले यसमा विविध कथांशहरू जोडिएका छन् ( पौड्याल, २०५७, पृ. १३१) । यसरी नितान्त वैज्ञानिक विषयवस्तुलाई लिएर स्वैरकाल्पनिक घटना र तथ्यहरूलाई बुन्दै त्यसका कथाबाट विज्ञानका नाममा मानव जीवनमाथि उत्पन्न समस्याको अन्त्यका पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्न नाटकको कथावस्तु चयन गरिएको छ ।

## पात्रविधान

नाटककार सरुभक्तको विज्ञान नाटक इथरमा कोरिएको प्रेमपत्रका पात्रचयनमा प्रयोगशीलता पाइन्छ । वैज्ञानिक विषयवस्तुका सन्दर्भमा आएका पात्रहरू विषयवस्तुअनुरूप विज्ञान चेतनबाट अभिप्रेरित र विज्ञानकै उपजका रूपमा देखापरेका छन् । नाटकमा प्रयुक्त प्रमुख पात्रहरू निम्नानुसार छन् :

(अ) डाक्टर एक्स- युवा डाक्टर (प्रमुख पात्र)

(आ) एक्स-१ डाक्टर पत्नी

(इ) एक्स-० डाक्टरकी छोरी

(ई) ०१, ०२, ०३ + ०० मानव निर्मित मानव

(उ) डाक्टर एम- ग्यालेक्सी-डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमका महानिर्देशक ।

यस नाटकका सबै पात्रहरू या त वैज्ञानिक चेतनाले युक्त अथवा विज्ञाननिर्मित पात्रहरू मात्र छन् । डाक्टर एक्स, एक्स. १, एक्स. ०, डाक्टर एम. विज्ञान चेतनायुक्त पात्रहरू हुन् भने ०१, ०२, ०३ +०० विज्ञानका उपजका रूपमा रहेका निर्मित मानव ( रोबोट) हुन् । यिनै पात्रहरूको अन्तर्क्रियाबाट नाटक निर्माण भएको छ ।

**डाक्टर एक्स :** डाक्टर एक्स एउटा युवा वैज्ञानिक हो (पौड्याल, २०५७, पृ. १३३) । ऊ नाटकको प्रमुख पात्र हो र यो नाटककारको मुखपात्र पनि हो । यसले नाटककारको मान्यता, दृष्टिकोण, सिद्धान्त र दर्शन प्रस्तुत गरेको छ । ऊ जीववैज्ञानिक हो, त्यसैले उसले

जीवनवादी दृष्टिकोण राख्दछ । ऊ मानवतावादबाट अगाडि बढेर जीवनवादी पात्रका रूपमा देखापरेको छ । विज्ञानका नाममा विकसित अस्त्र, अणुबम, एटमबम र अन्य प्रकारका मानव संहारका यन्त्रको पन्जाबाट मानिसलाई बचाउनका लागि अथक प्रयत्नका साथ लागिरहेको छ । उसले ती अस्त्रलाई निस्तेज बनाउने रसायन पत्ता लगाएको छ र क्याप्सुलमा परिणत गर्ने प्रयासमा उसको चिन्तन, प्रतिभा र लगन विलक्षण किसिमको छ । ऊ अद्भुक किसिमको चमत्कारको आविष्कार गरी मानवको जीवनलाई सुरक्षित तुल्याएर निस्फिक्री बाँच्न दिने चाहना राख्छ । त्यसैले ऊ विज्ञानवादी पात्रका रूपमा देखिएको छ । ऊ वैज्ञानिक विकासका पक्षमा छ तर विज्ञानको विकासको र उपलब्धिको दुरुपयोग नहोस् भन्ने मान्यता राख्दछ ।

**एक्स-१ :** एक्स १ डाक्टर एक्सकी श्रीमती हो (पौड्याल, २०५७, पृ. १३४) । ऊ डाक्टर एक्सका भन्दा भिन्न विचार भएकी पात्र हो । ऊ पनि विज्ञानको चामत्कारिक विकासका पक्षमा छ । बरु आफ्ना पतिको विज्ञानको चमत्कारलाई निस्तेज पार्ने विचारका विपक्षमा छ । ऊ आफ्ना लोग्नेका विचारलाई अराजक ठान्छे । उसको चाहना आफ्नी छोरी एक्स-० ठूलो अन्तरिक्ष वैज्ञानिक बनोस् भन्ने छ । उसले सुदूर अन्तरिक्ष मोह गर्न सकोस् । ऊ निहारिका, ग्यालेक्सी तथा सम्पूर्ण ब्रह्माण्डको छेउटुप्पासम्म स्वतन्त्र रूपमा विचरण गर्न सकोस्, सिङ्गो पृथ्वीसहित पूर्ण ब्रह्माण्डमाथि दिग्विजय प्राप्त गरोस् भन्ने छ । तर उसले आफ्ना सपनाहरू पतिका नीतिपरक भावुकताले मक्किँदै गएको महसुस गरेकी छ । उसले पतिको महत्तम उद्देश्यलाई अराजक ठानेकी छ । उसको म त पतिसँग नभएर चामत्कारिक विकासमा लागेका वैज्ञानिकसँगै मेल खान्छ । ऊ मानवीय र वर्गीयभन्दा व्यक्तिगत र सामान्य पात्रका रूपमा देखिएकी छ । ऊ नाटककी प्रमुख नारी पात्र हो ।

**एक्स-० :** एक्स-० डाक्टर एक्स. र एक्स-१ की छोरी हो । उसमा बालसुलभ चञ्चलता छ । ऊ बाबु र आमाकी दोहोरो आशा र परीक्षणकी वस्तु हो । उसका आफ्ना कुनै मान्यता छैनन् । तर सात वर्षकी हुँदै उसले $E = mc^2$ को फर्मुला प्रुफ गर्न थालिसकेकी छ । अन्तरिक्षसम्बन्धी फिल्म र भिडियोहरू हेर्ने उसको ठूलो सोख छ । आमा उसलाई ठूलो अन्तरिक्ष वैज्ञानिक बनाउन चाहन्छे भने बुबाको परीक्षणमा ऊ ज्ञानी र निडर भएर सहयोग पुऱ्याइरहन्छे । ऊ आफ्ना कुनै उद्देश्य र मान्यता नभएकी बालपात्र हो ।

**डाक्टर एम :** डाक्टर एम डाक्टर एक्सको स्कुले साथी हो । कफी रुचाउने डाक्टर एम् ग्यालेक्सी डब्लु.एक्स.वाई. अन्तरिक्ष कार्यक्रमको महानिर्देशक हो (पौड्याल, २०५७, पृ. १३३) । उसले अन्तरिक्ष अभियान विरोधी मित्र डाक्टर एक्स. को चुनौतीलाई गम्भीरताका साथ लिएको छ । डाक्टर एम. डाक्टर एक्स. को क्षमताप्रति उत्तिकै जानकार छ । उसको अभियानका विरुद्ध लाग्दा पनि साह्रै ठूलो दुस्मनी महसुस गरिरहेको छैन । ऊ नाटकमा डाक्टर एक्सको प्रतिद्वन्द्वीका रूपमा देखापर्दछ तर पनि ऊ डाक्टर एक्स. जति शक्तिशाली, प्रतिभावान् र जुझारु देखिँदैन । ऊ समकालीन युगको शक्तिको होडबाजीमा लागेका राष्ट्रको वैज्ञानिकको प्रतिनिधि हो । उसले कुरा मीठो गर्छ तर उसको अभियान मानव संहारका लागि केन्द्रित छ । शक्तिको होडबाजीमा लिप्त हुनु, सृष्टि संहारका नयाँ-नयाँ उपायहरू खोज्नु र शक्तिका माध्यमबाट अरू राष्ट्रहरू हत्याउन खोज्नु उसको लक्ष्य रहेको छ । त्यसैले ऊ प्रतिकूल पात्र हो ।

**निमाहरू :** नाटकमा प्रयुक्त अन्य पात्रहरूलाई निमाहरू (निर्मित मानवहरू) भनिएको छ । यस नाटकमा ०१, ०२, ०३ र +०० निमा पात्रका रूपमा देखापरेका छन् । ०१ अधबैंसे नारी पात्र हो । उसले डाक्टर एक्स. को घरमा भान्छेको काम गर्छ । उसलाई भान्छे बुढी भनी सम्बोधन गर्दा हीनताबोध हुन्छ र रिसले ओठे जवाफ दिन्छे खानपानका सन्दर्भमा पनि उसको नियम लागू हुनुपर्दछ भन्ने ठान्छे । यसले पनि ऊ स्वाभिमान र आत्मसम्मान भाव भएकी पात्रका रूपमा देखिन्छे । ऊ भान्छे बुढी भएर पनि उसमा प्रशस्त वैज्ञानिक चेत र ज्ञान छ । ०२ मानव निर्मित मानव युवा नारी पात्र हो । उसले नाटकमा गणितकी शिक्षिकाको भूमिका निर्वाह गरेकी छ । अभिभावकका रूपमा रहेकी एक्स-१ की अभिन्न साथी भएर उसे एक्स-० र +०० लाई उच्च स्तरीय गणितीय शिक्षा दिएकी छ । मानव निर्मित भएकाले उसमा सन्तान उत्पादनको सामर्थ्य पनि छैन र यौनेच्छा पनि छैन तर पनि उसभित्र पर्याप्त पुत्रस्नेह भएको कुरा उसका व्यवहारले देखाउँछ । ०३ मानव निर्मित युवा पुरुष पात्र हो । ऊ डाक्टर एक्स. को सहकर्मी भएर उसको प्रयोगशालामा काम गर्दछ । उसले डाक्टर एक्स. का इसाराहरूलाई सजिलै बुझ्छ र काममा सहयोग गर्दछ । ऊ डाक्टर एक्स.सँग हाँसी हाँसी कुराकानी गर्छ, उसको कार्यमा मुक्तकण्ठले प्रशंसा गर्छ र उसको सहयोगी हुन पाएकामा आफूलाई सौभाग्यशाली ठान्छ । एक्स-० र +०० खलपात्र हुन् । एक्स-० मानव, डाक्टर एक्स. को छोरो हो भने +०० मानव निर्मित बालपात्र हो । यी दुवै

सहपाठी हुन् । यिनीहरूलाई ०२ ले गणितको शिक्षण गर्दछिन् । सूत्रपाठ गर्दा, भिडियो फिल्म हेर्दा तथा खेलहरू खेल्दा स्वाभाविकता देखापर्दछ । +०० भन्दा एक्स-० को स्वभाव केही चकचके किसिमको छ । एक्स-० डाक्टर एक्सको परीक्षणको पात्रका रूपमा पनि देखापरेकी छ । त्यसैले उसले असचेत रूपमै भए पनि मानवहितका पक्षमा सहयोग पुऱ्याएको छ । दुवैले शिक्षिकाको मान पाएका छन् ।

यसरी नाटककार सरुभक्तले यस नाटकमा मानवीय र मानव निर्मित गरी दुई प्रकारका पात्रको प्रयोग गरेका छन् । मानवीय पात्रलाई पनि स्वाभाविक नाम नदिएर एक्स, एम, एक्स-१, एक्स-० राखेका छन् भने मानवेतर पात्रहरूको नाम पनि त्यस्तै प्रकारले ०१, ०२, ०३ र +०० राखेका छन् । मानवीय र मानव निर्मित पात्रका बिचमा भूमिका वा क्रियाशीलतामा कुनै भिन्नता पाइँदैन । पात्रहरू सबै विज्ञानसँगै सम्बन्धित छन् । त्यसैले पात्र चयनले पनि नाटकलाई सफल विज्ञान नाटक र प्रयोगवादी नाटक बनाउन सहयोग पुऱ्याएको छ ।

**द्वन्द्वविधान**

पश्चिममा द्वन्द्वलाई नाटकको प्राणतत्त्व मानिन्छ । प्रभावकारी द्वन्द्वले मात्र नाटक गतिशील र सफल बन्न सक्छ भन्ने पश्चिमी मान्यता रहेको छ । सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटकमा पनि द्वन्द्वको प्रयोग भएको छ । यसमा आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्वहरू पाइन्छन् ।

इथरमा कोरिएको प्रेमपत्र नाटकमा विज्ञानको मृत्यु उन्मुख शक्ति र जीवनगतका सामर्थ्यबिचको द्वन्द्व नै प्रमुख आन्तरिक द्वन्द्व हो । दोसो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा भीषण मानव संहारकारी बम प्रहार हुन्छन् र तिनले अकल्पनीय धनजनको क्षति पुऱ्याउँछन् । भ्रमणका क्रममा डाक्टर एक्स. त्यहाँ पुग्छ र शोक सभामा सामेल बन्छ । त्यो बेला उसभित्र मानसिक आन्दोलन सुरु हुन्छ । विज्ञानलाई वरदान ठानी त्यसैका हुटहुटीमा लाग्नेहरूप्रति ऊ सहमत हुन सक्दैन र त्यसलाई चुनौती दिँदै मानवरक्षाका लागि आणविक सस्त्रअस्त्रको विरोधमा आफूलाई उभ्याउने अठोट गर्छ । उसले विश्वमा रहेको निर्मम काटमार र हाहाकारलाई रोक्ने अठोट गर्दछ । त्यसपछि निरन्तर रूपमा आफ्नो वैज्ञानिक प्रयोगशालामा क्रियाशील भएर विविध प्रयोग र परीक्षणपश्चात् घरबाटै विश्वलाई चेतावनी दिन पुग्छ । वैज्ञानिक हातहतियार र रासायनिक हतियारलाई निस्तेज पार्ने सामर्थ्य

प्राप्त गरेपछि आफू लक्ष्यमा पुगेको घोषणा गर्दछ । यसरी डाक्टर एक्स.भित्रको अहम्ले क्रियात्मक स्वरूप प्राप्त गरी प्राक्कल्पित औषधी औजार प्राप्त गरी शास्त्रास्त्रका विरुद्ध विजय प्राप्त गर्दछ । यो यस नाटकको सशक्त आन्तरिक द्वन्द्व हो ।

यस नाटकको मुख्य द्वन्द्व आन्तरिक भएर पनि यसमा छिटफुट बाह्य द्वन्द्वहरू पनि रहेको पाइन्छ । डाक्टर एक्स र उसकी पत्नी एक्स-१ का बिच बाह्य द्वन्द्व पाइन्छ । विज्ञानको चामत्कारिक विकासका पक्षमा रहेकी एक्स-१ मान्यताका ठीक विपरीत डाक्टर एक्स. देखापर्छ । आफ्नी छोरीलाई अन्तरिक्ष वैज्ञानिक बनाउने सपना देख्ने एक्स-१ भन्दा फरक मान्यताको डाक्टर एक्स. वैज्ञानिक सन्त्रासबाट बच्नका लागि गरिएका आविष्कारको परीक्षण आफ्नी छोरीमा गर्दछ । यसरी डाक्टर एक्स. र डाक्टर पत्नीका बिच चमत्कारी भौतिक उन्नति र त्यसलाई निस्तेज पार्ने सोचका बिच बाह्य द्वन्द्व पाइन्छ । त्यस्तै ०१ र ०२ का बिच सामान्य घरायसी व्यावहारिक द्वन्द्व पाइन्छ भने एक्स-० र +०० का बिच बालसुलभ ठट्यौली द्वन्द्वहरू पाइन्छन् । यी बाह्य द्वन्द्वहरू सामान्य रूपमा मात्र देखिएको भए पनि डाक्टर एक्सका मनभित्र उब्जेको प्राक्कल्पना र उसबाट सिर्जित क्रियात्मक द्वन्द्वले सिङ्गो नाटकलाई नवीन मोडमा पुऱ्याएको छ । त्यसैले द्वन्द्वका दृष्टिले नाटक सफल देखिन्छ ।

## संवाद योजना

इथरमा कोरिएको प्रेमपत्र नाटकले संवाद प्रयोगका दृष्टिले नवीनता राख्दछ । बालपात्रहरूले स्वाभाविक बाल सुलभ संवादको प्रयोग गरेका छन् । बालबालिकाहरूसँग अन्य पात्रहरूले गरेको संवादमा पनि स्वाभाविकता पाइन्छ । यहाँ प्रयोग गरिएका सम्पूर्ण पात्रहरू मानव निर्मित यन्त्र हुन् । यी सम्पूर्ण पात्रलाई नाटककारले मानवीकरण गरी मानवीय संवेदना र चिन्तनशीलताको प्रतिपादन गरेका छन् । प्रत्येक पात्रले प्रयोग गर्ने आकर्षक र प्रभावकारी देखिन्छ (पौड्याल, २०५७, पृ. १३४) । तर मानव निर्मित मान्छे पात्र ०१ र डाक्टर पत्नी एक्स-० का बिच यसको संवादमा केही विशिष्टता देखिन्छ । मानव निर्मित भएर पनि ०१ ले गरेको संवादमा स्तरीयता पाइन्छ । उसले निकै तार्किक र बौद्धिक संवादको प्रयोग गरेकी छ । यस नाटकमा पाइने संवादगत विशिष्टता डाक्टर एक्सको संवादमा भेटिन्छ । उसले आफ्नो प्रयोगशालाको प्रयोग आरम्भको कारण र प्राप्त गरेको सफलताको व्याख्या गर्ने क्रममा दश पृष्ठ लामो वैज्ञानिक, दार्शनिक एवम् बौद्धिक सम्भाषण

प्रस्तुत गरेको छ । वैज्ञानिकले दिएको सम्भाषण विषयअनुकूल स्तरीय भएर पनि मञ्चनीयताका हिसाबले यो निकै चर्को मूल्य पर्ने किसिमको छ । एउटै संवादकथन दश पृष्ठ लामो हुनु यसको संवादगत विशिष्टता हो र यो नौलो प्रयोग पनि हो ।

**भाषाशैली**

इथरमा कोरिएको प्रेमपत्र वैचारिक नाटक हो । विज्ञान र गणितबाट टिपिएका बिम्ब र प्रतीकको प्रयोगले नाटक ज्यादै गहन र आकर्षक बनेको छ (पौड्याल, २०५७, पृ. १३४) । यसमा विज्ञानलाई विषयवस्तु बनाइएको छ । यस नाटकमा भावनाको भन्दा वैचारिकताको प्रबलता रहेको छ । त्यसैले वैज्ञानिक विषयवस्तुलाई वैचारिकताका साथ प्रस्तुत गरिएको हुनाले नाटकको भाषाशैली ओजपूर्ण छ । गम्भीर दर्शन र चिन्तनहरू नाटकमा प्रस्तुत गरिएको छ । त्यसैले विषयको प्रकृतिअनुरूप नेपाली भाषामा अप्राप्य थुप्रै प्राविधिक शब्दावलीको प्रयोग अङ्ग्रेजीमा गरिएको छ । विज्ञान क्षेत्रमा प्रचलित थुप्रै प्राविधिक शब्दावलीको प्रयोग, बिचबिचमा थुप्रै अङ्ग्रेजी शब्दको प्रयोगले नाटकको भाषा ओजिलो बन्न पुगेको छ । यति भएर पनि अङ्ग्रेजी र वैज्ञानिक शब्दलाई नेपालीमा उल्था गरी प्रयोग गरिएकाले पठनका लागि खासै कठिनाई व्यहोर्न पर्ने स्थिति छैन । तर पनि प्राविधिक शब्दहरूको प्रयोगद्वारा वैचारिक दृष्टिकोणहरू व्यक्त गरिएको हुनाले भाषाशैली निकै स्तरीय र बौद्धिक कसरत हुने खालको बन्न पुगेको  छ ।

**दृश्य योजना**

मञ्चनका दृष्टिले नाटककार ज्यादै उदार देखिएका छन् । जो भए पनि हुने र जे गरे पनि हुने, यस्तो उदारता नेपाली नाटक परम्परामा थिएन (पौड्याल, २०५७, पृ. १३४) । दृश्ययोजनाका दृष्टिले इथरमा कोरिएको प्रेमपत्र नाटकमा नवीनता पाइन्छ । यस नाटकलाई अङ्कमा विभाजन गरिएको छैन, केवल दृश्यहरू मात्र छन् । यसमा जम्मा तीन दृश्य छन् । यी दृश्यलाई पहिलो, दोस्रो दृश्य नभनेर दृश्य-च र दृश्य-ज्ञ भनिएको छ । दृश्य-च मा दुईवटा कार्यव्यापार र दृश्य-ज्ञ मा एउटा कार्यव्यापार गरी तीन दृश्यमा नाटकलाई समाप्त गरिएको छ । नाटकको दृश्य परिवर्तनमा पनि नाटककारले नवीनताको प्रयोग गरेका छन् । पहिलो दृश्य दृश्य-च सकिएपछि कुनै पर्दा लाग्दैन, कुनै बत्ती पनि निभ्दैन बरु बिस्तारै उज्यालो मैलिँदै जान्छ र कक्ष-ज्ञ का ठाउँमा कक्ष-त्र अस्पष्ट रूपमा देखिन्छ । त्यसै गरी

दोस्रो दृश्य समाप्त भएपछि कक्ष-ज्ञ को उज्यालो विस्तारै मैलिँदै गएर कक्ष-त्र देखापर्छ । यसरी रमाइलो तरिकाले स्वतःस्फूर्त रूपमा दृश्य परिवर्तन हुन्छ । यो नाटकमा पाइने नवीन पक्ष हो ।

## वैचारिकता

प्रस्तुत नाटकमा वैज्ञानिक उन्नति, आणविक-पारमाणविक तथा अन्तरिक्षसहित विश्व मानव समाजलाई प्रस्तुत नाटकले नाटकीय व्यापारको कार्यक्षेत्र बनाएको छ ( पौड्याल, २०५७, पृ. १३४) । इथरमा कोरिएको प्रेमपत्र अन्तरिक्षमा जतातातै व्याप्त परिवेश हो । यहाँ पृथ्वीमाथिको निलो ब्रह्माण्डीय भागलाई इथर ठानिएको छ । विश्वका रिसाहा वैज्ञानिकमा सनक चढेको हुन सक्ने सम्भावना देखिन्छ । रिसाहा वैज्ञानिकहरू हिंसाका प्रतीक हुन् । नाटकको विषय विज्ञान र पृथ्वी भएकाले इथरमा कोरिएको प्रेमपत्रले व्यञ्जनात्मक रूपमा कसैद्वारा नाश गर्न नसक्ने, मानव कल्याण र रक्षाका लागि गरिएका आविष्कार भन्ने अर्थ व्यक्त गरेको छ ।

आजको युग वैज्ञानिक युग हो । वैज्ञानिक खोज, अनुसन्धान र उपलब्धिले विश्व समुदायमा चामत्कारिक परिवर्तन ल्याइरहेको छ । तर यसले मानव समुदायमा शान्ति, विश्वबन्धुत्व र आत्मीयताको भाव जगाउनुको साटो मानवमा ईर्ष्या, लोभ, हिंसा र विद्रोहको स्थिति सिर्जना गराएको छ । विज्ञानले मानिसलाई दिनप्रतिदिन साँघुरो र अन्धो बनाउँदै लगेको छ । नयाँ-नयाँ आविष्कारका नाममा मानिसलाई स्वामित्वप्राप्तिका रोगले ग्रस्त पारेको छ । ब्रह्माण्ड ज्ञान केवल एउटा स्वप्नगत परिकल्पना मात्र हो । यो पूरा नहुँदै मानिस आफै पतन भएर जानुपर्दछ भन्ने कुरा यस नाटकमा व्यक्त गरिएको छ ।

वैज्ञानिक आविष्कारका नाममा आज मानिसहरू अन्धा भइरहेका छन् । उनीहरू निरन्तर रूपमा मानव संहारमा लागिरहेका छन् । वैज्ञानिकहरू विश्व विनाशकारी अणुबम र एटमबमहरू निर्माणमा क्रियाशील भइरहेका छन् । यसले सिङ्गो पृथ्वी, मानवजाति र स्वयम्लाई समेत कल्याण गर्दैन भन्ने नाटककारको मान्यता रहेको छ । उनी पृथ्वी र मानव अस्तित्वलाई नै समाप्त पार्ने वैज्ञानिक उपलब्धिका विपक्षमा छन् । उनी भन्छन्- विज्ञानले मानवतावादको निर्मम हत्या होइन, मानवको संरक्षण गर्नुपर्दछ, सृजनात्मकतामा वृद्धि ल्याउनुपर्छ ।

पहिलो र दोस्रो विश्वयुद्धले पृथ्वी र मानव जीवनमा ठूलो क्षति पुऱ्यायो । विश्वयुद्धको विध्वंशात्मक स्थिति भोगिसकेका सम्पन्न राष्ट्रहरू पनि मानवकल्याणका पक्षमा उभिन सकिरहेका छैनन् । आज तिनीहरूले बाह्य रूपमा विश्वशान्तिका नारा लगाउँदै भित्रभित्रै दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकीमा खसालिएका बमभन्दा दुई करोड क्षमता बढीका बमहरू निर्माण गर्ने कार्यमा संलग्न छन् । यस्तो प्रकारको ध्वंसात्मक र हिंसात्मक आविष्कारको अन्त्य भएन भने एक दिन विश्वमा महाप्रलय आउँछ र सिङ्गो विश्व नै ध्वस्त हुन्छ भन्ने विचार नाटककारले यस नाटकमा व्यक्त गरेका छन् । यसका साथै नाटककारले संसार रक्षाका लागि ध्वंसात्मक वैज्ञानिक आविष्कारका विरुद्धमा आफ्ना पाँच मान्यता प्रस्तुत गर्दै राष्ट्रवादका विरोधीको भयावह स्थितिले मानव सभ्यतामा सन्त्रास र कोलाहलको अवस्था सिर्जना भएको छ । यसको गलत प्रयोगले कुनै पनि बेला पृथ्वी ध्वस्त हुनसक्छ । त्यसैले विश्वमा देखापरिरहेको भीषण वैज्ञानिक प्रतिस्पर्धा रोकिनु पर्दछ र पृथ्वी, प्राणी र मानव सबैको अस्तित्व सुरक्षित रहनुपर्दछ भन्दै पृथ्वी जीवनका लागि र जीवन पृथ्वीका लागि भन्ने विचार वाक्य प्रस्तुत गर्दछन् । यो नै यस नाटकको मूल वैचारिक स्वर हो ।

**शीर्षक सार्थकता**

इथरमा कोरिएको प्रेमपत्र सम्पूर्ण ब्रह्माण्डको काल्पनिक स्थान हो । यसले ब्रह्माण्डभरि व्याप्त काल्पनिक परिवेशको प्रतिनिधित्व गर्छ । त्यसैले यो ब्रह्माण्डको प्रतीकात्मक रूप हो । प्रेम भनेको मानवमा निहीत कोमलता र हार्दिकताको श्रेष्ठ रूप हो । यो निश्वार्थ र उत्सर्ग प्रेम हो । यसरी शाब्दिक रूपमा हेर्दा इथरमा कोरिएको प्रेमपत्रको अर्थ काल्पनिक वा प्रतीकात्मक ब्रह्माण्डमा लेखिएको प्रेमको पत्र भन्ने हुन्छ । तर नाटकको शीर्षक प्रतीकात्मक रूपमा राखिएको छ । वैज्ञानिकहरूले जति वैज्ञानिक आविष्कारहरू गरेका छन् ती सबै मानव जातिलाई प्रेम गर्ने, मानव जातिको रक्षा गर्ने, मानव जातिको कल्याण गर्ने किसिमको हुनुपर्दछ । वैज्ञानिकहरूले जे-जति आविष्कार गर्दछन् ती सबै मानव अस्तित्वका लागि गरिनुपर्दछ । प्रेमीको प्रेमपत्रमा कोमलता, निश्वार्थ र हृदयको चोटको भावना भएझैं वैज्ञानिक आविष्कारमा पनि त्यस्तै प्रकारको मानव कल्याण, अस्तित्व रक्षाको भाव हुनुपर्दछ जुन कसैद्वारा हरण गर्न नसक्ने किसिमको हुनुपर्दछ भनिएको छ । त्यसैले प्रतीकात्मक रूपमा नाटकको शीर्षक सार्थक छ ।

## निष्कर्ष

सरुभक्तको इथरमा कोरिएको प्रेमपत्र नाटक एक विज्ञान नाटक हो । कथानक, दृश्यविधान, भाषाशैली, द्वन्द्वविधान, पात्रयोजना, वैचारिकता, शीर्षक सार्थकताका दृष्टिले यस नाटक उत्कृष्ट बनेको छ । नाटकको विषयवस्तु लोकप्रसिद्ध र पात्रहरू धीरप्रशान्त हुनुपर्ने नियमलाई यस नाटकले चुनौती दिएको निष्कर्ष दिन सकिन्छ । विज्ञानलाई विषयवस्तु बनाएर प्रयोगधर्मितामा केन्द्रित भएर नाटक अगाडि बढेको देखिन्छ । मानवले युद्ध, आतङ्क, हत्या, हिंसा र शस्त्रास्त्रको होडबाजीलाई त्याग्नु पर्ने मूल पक्षलाई यसले प्रस्ट पारेको छ । पात्रहरूमा नवीन प्रयोग गरेर मञ्चनमा नयाँपन दिएको छ । पाठकलाई मानव हितमा लाग्ने सत्प्रेरणा यस नाटकले दिएको छ । मानवको वैज्ञानिक अविष्कार मानव कल्याणका लागि उपयोग गरेर हतियाररहित संसारको कल्पना गरी नाटककारले सुन्दर विश्वको कल्पना गरेका छन् ।

## सन्दर्भ सामग्री

आचार्य, कुश्मिला (२०७४) नेपाली आख्यान र नाटक, काठमाडौं : इन्टेलेक्च्युएल्ज बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद (२०७१), *प्रतिनिधि नेपाली एकाङ्की विश्लेषण र मूल्याङ्कन,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

कँडेल, घनश्याम (२०४०), *केही अन्वेषण केही विश्लेषण,* काठमाडौँ : भीमसेन थापा ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पोखरेल, रामचन्द्र (२०८१), नेपाली नाटकको ऐतिहासिक विकासक्रम, *नेपाली नाट्य विमर्श (सम्पा. रामचन्द्र पोखरेल),* पोखरा : नेपाल नाट्यप्रतिष्ठान, पृ.१-१२७ ।

पौड्याल, कृष्णविलास (२०५७), *नेपाली नाटक र नाटककार (ऐच्छिक विशेष अध्ययन),* काठमाडौं : नवीन प्रकाशन ।

भट्टराई, रामप्रसाद र कँडेल, श्रीप्रसाद (२०६७), *नेपाली नाटक, एकाङ्की र निबन्ध,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सरुभक्त (२०४४), *इथर,* काठमाडौँ : साझा प्रकाशन ।